मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ८९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन २ गते शनिबार (Saturday, 14 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## दुग्धजन्य पदार्थमा लगाएको कर 'अनुचित'

**काठमाडौं, फागुन १।** बेइजिङले इयूका केही दूग्ध उत्पादनहरूमा पाँच वर्षका लागि ११.७ प्रतिशतसम्म कर लगाएपछि ब्रसेल्सले शुक्रबार चिनियाँ कर 'अनुचित' भएको बताएको छ ।

हामी यी उपायहरूलाई अनुचित र अन्यायपूर्ण ठान्छौं । अन्तिम निर्धारणमा तोकिएका यी कर्तव्यहरू अस्थायी चरणमा प्रस्ताव गरिएको भन्दा धेरै कम रहेको हामी स्वीकार गर्दछौं- ईयू व्यापार प्रवक्ता ओलोफ गिलले भने ।


# झलनाथ उम्मेदवार नभएको इलाम-१

**झापा, फागुन १।** बहुदलीय व्यवस्था आएपछि २०४८ सालदेखि २०७९ सम्म भएका सबै निर्वाचनमा निरन्तर उम्मेदवार बनेका झलनाथ खनाल यसपटक इलाम-१ बाट चुनावी मैदानमा छैनन् ।

खनाल सातपटक निर्वाचन लड्दा २०५६ र २०७९ सालका आम निर्वाचन बाहेक पाँच पटक इलाम-१ बाट विजयी भएका थिए । उनले २०४८, २०५१, २०५६ र २०७४का आम निर्वाचन तथा २०६४ र २०७० सालका संविधानसभा निर्वाचनमा नेकपा एमालेको सूर्य चिन्हबाट उम्मेदवारी दिएका थिए ।

२०७९ सालको आम निर्वाचनमा भने कांग्रेस र माओवादी केन्द्रको समर्थनमा बनेको गठबन्धनबाट कलम चिन्ह लिएर उम्मेदवार बनेका खनाल एमालेका महेश बस्नेतसँग पराजित भएका थिए । त्यसअघि २०५६ सालको आम निर्वाचनमा उनी कांग्रेसका बेनुपराज प्रसाईंसँग पराजित भएका थिए । बाँकी पाँच निर्वाचनमा भने उनले विजय हासिल गरेका थिए । यसपटक खनाल मात्र होइन, २०५६ र २०७९ सालमा उनलाई पराजित गर्ने प्रसाईं र बस्नेत पनि उम्मेदवार छैनन् । झलनाथसहित उनका प्रमुख प्रतिस्पर्धी अनुहार चुनावी मैदानमा नहुँदा इलाम-१को राजनीति यसपटक त्यति धेरै चर्चामा छैन ।

फिक्कल बजारका मणिराम क्षेत्रीका अनुसार पटक-पटक प्रतिस्पर्धा गर्दै आएका पुराना अनुहार नहुँदा इलामेली मतदाताले नयाँ र योग्य उम्मेदवार छान्ने



अवसर पाएका छन् । पहिलेका चुनावमा प्रतिष्ठाको लडाइँ हुन्थ्यो-कहिले इलामले प्रधानमन्त्री पाउँछ भन्ने आशामा, कहिले पार्टीका शीर्ष नेता हार्दा जिल्लाको इज्जत जान्छ भनेर मतदान गरिन्थ्यो । यसपटक नयाँलाई परीक्षण गर्ने मौका मिलेको छ- उनले भने ।

खनाल २०४८ सालको संसदीय निर्वाचनमा पहिलोपटक इलाम-१ बाट निर्वाचित भएका थिए । २०५१ सालको मध्यावधि निर्वाचनमा पुनः विजयी बनेका उनी २०५६ मा कांग्रेससँग पराजित भए । त्यसपछि २०६४ र २०७० का संविधानसभा निर्वाचनमा पुनः जित निकाल्दै राष्ट्रिय राजनीतिमा प्रभावशाली बने । २०७४मा फराकिलो मतान्तरसहित विजयी खनाल एमाले विभाजनपछि नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)बाट २०७९ मा उम्मेदवार बन्दा पराजित भएका थिए ।

लामो समयसम्म केन्द्रमा रहेका प्रमुख अनुहार एकैचोटि चुनावी मैदान बाहिरिँदा इलाम-१ को चुनावी दृश्य पूर्णतः नयाँ बनेको मतदाताहरू बताउँछन् । अघिल्ला निर्वाचनहरू खनाल र उनको राजनीतिक प्रभावसँग जोडिन्थे । मतदाताको निर्णय पनि प्रायः उनको पक्ष वा विपक्षमा केन्द्रित हुने गर्थ्यो ।

खनाल उम्मेदवार नभएकाले अहिले त्यो अवस्था छैन । पछिल्लो समय पार्टी परिवर्तन र बदलिँदो राजनीतिक प्रभावसँगै उनको क्रेज घट्दै गएको मतदाताको बुझाइ छ । यसपटक उम्मेदवारका एजेन्डा र दृष्टिकोणका आधारमा मतदान गर्ने मनस्थितिमा मतदाता देखिन्छन् ।

चिया खेती, पर्यटन र सीमाना व्यापारसँग जोडिएको इलाम जिल्लाबाट पटक-पटक निर्वाचित खनाल २०५३ सालमा सूचना तथा सञ्चार मन्त्री र २०६७ सालमा प्रधानमन्त्री बनेका थिए । यद्यपि, यहाँको पर्यटन विकास र पूर्वाधार तीन दशक बितिसक्दा पनि अपेक्षित रूपमा अघि नबढेको स्थानीयको गुनासो छ । रोजगारीको अवसर नहुँदा युवा शक्ति विदेश पलायन हुने क्रम तीव्र छ ।

यसपटक दलहरूले नयाँ-नयाँ अनुहारलाई उम्मेदवार बनाएका छन् । इलाम-१ बाट नेकपा एमालेका काजीमान कागते, नेपाली कांग्रेसका निष्कल राई, नेपाली कम्युनिस्ट

(बाँकी अन्तिम पृष्ठमा)

## वैदेशिक रोजगार: ठगी गर्ने चार जना पक्राउ

**झापा, फागुन १।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभन दिएर रु. ८० लाख ठगेको अभियोगमा तीन जना पक्राउ परेका छन् ।

प्रहरीले ती अभियुक्तहरुलाई सार्वजनिक गर्दै आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभागलाई बुझाएको छ । प्रहरीका अनुसार अभियुक्तत्रय महोत्तरी सम्सीपालिका-१का जटाधर राउत, सोलुखुम्बूको थुलुङपालिका-३का थमराज नेपाली र ललितपुरको महालक्ष्मी नगरपालिका-१का रामकुमार राईलाई पाँच जना पीडितबाट उक्त रकम ठगी गरेको अभियोगमा पक्राउ गरिएको हो । अभियुक्तहरुले बेलायत र रोमानियामा आकर्षक तलब पाइने भन्दै पीडितहरुबाट विभिन्न समयमा लाखौँ रुपैयाँ लिएका थिए ।

यसैबीच वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी हंगेरी पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा गोकर्णेश्वर नगरपालिका-८ बस्ने दोलखा कालिञ्चोक गाउँपालिका-४ घर भएका ५६ वर्षीय महेश तामाङलाई शुक्रवार प्रहरीले पक्राउ गरेको छ ।

महेशले हंगेरी पठाइदिन्छु भन्दै एक जनाबाट ३ लाख रूपयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१२ बाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## करणी आरोपमा पुरुष नियन्त्रणमा

**झापा, फागुन १।** अर्जुनधारामा करणी गरेको आरोपमा एक जना वृद्धलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्ने व्यक्ति बराहक्षेत्र नगरपालिका-७का ६४ वर्षीय प्रमानन्द पौडेल रहेका छन् । प्रहरीले जनाए अनुसार माघ २८ गते राति करिब ९:३० बजे अर्जुनधारा-९ बाह्रघरे क्षेत्रमा

(बाँकी अन्तिम पृष्ठमा)

## चन्द्रगढी विमानस्थलमा कडा सुरक्षा



**झापा, फागुन १।** निर्वाचनको 'इपिसेन्टर'का रूपमा चर्चामा आएको झापामा देशभरका शीर्ष नेता र उम्मेदवारहरूको बाक्लो आवतजावत बढेसँगै चन्द्रगढी बिमानस्थलको सुरक्षा व्यवस्था कडा पारिएको छ ।

सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै भद्रपुर-८स्थित चन्द्रगढी विमानस्थल परिसरमा नेपाली सेना परिचालन गरिएको हो । विमानस्थलको टर्मिनल बाहिरको सुरक्षा जिम्मा लिँदै अरिदमन गण चारआलीका मेजरको कमाण्डमा सेनाको एक नफ्री तैनाथ गरिएको छ । हालका लागि करिब २५ जना सैनिक खटाइएको जनाइएको छ ।

चन्द्रगढी नागरिक उड्डयन कार्यालयका प्रमुख किशोरकुमार खत्रीका अनुसार विमानस्थलको पेरिमिटर बाहिर सेनाले सुरक्षा सम्हालेको छ भने पेरिमिटरभित्रको सुरक्षा विमानस्थलका सुरक्षागार्डले हेर्ने व्यवस्था मिलाइएको छ । प्रहरी नायव निरीक्षकको कमाण्डमा २५ जना प्रहरी पनि विमानस्थल सुरक्षागार्डका रूपमा खटिएका छन् ।

निर्वाचन मिति नजिकिँदै जाँदा काठमाडौंबाट हवाई मार्ग हुँदै झापा आउने-जाने राजनीतिक व्यक्तित्वहरूको संख्या उल्लेख्य रूपमा बढेको छ । झापा-५बाट उम्मेदवारी दिएका पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली केही दिनमै चन्द्रगढी विमानस्थल हुँदै दुईपटक झापा आएर काठमाडौं फर्किएका छन् ।

त्यस्तै केपी शर्मा ओलीका प्रतिस्पर्धीको रुपमा देखिएका राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह ( बालेन) पनि एकपटक सोही बिमानस्थल प्रयोग गरी झापा आए ।

(बाँकी अन्तिम पृष्ठमा)

## झापाका १३१ वडामा मतदाता शिक्षा

**झापा, फागुन १।** फागनु २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सुव्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले झापामा विशेष मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुने भएको छ ।

भद्रपुरमा आयोजित 'निर्वाचन आचारसंहिता तथा मतदाता शिक्षा' विषयक कार्यक्रममा सञ्चारकर्मीलाई जानकारी गराउँदै जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसी नेपालले फागुन ३ गतेदेखि जिल्लाभर मतदाता शिक्षा कार्यक्रम शुरु गरिने जानकारी दिए ।

मतदान प्रक्रियालाई सरल बनाउने, मत बदर हुने अवस्था घटाउने र मतदातालाई सचेत गराउने लक्ष्यसहित निर्वाचन आयोगले फागुन ३देखि १७ गतेसम्म देशभर मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दैछ । सोही कार्यक्रमअन्तर्गत झापाका १३१ वटै वडामा अभियान सञ्चालन गरिने उनको भनाइ छ । प्रत्येक वडामा एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिने र उनीहरूले मतदाताको घरघर तथा बस्तीमा पुगेर नमूना मतपत्र प्रयोगमार्फत मतदान प्रक्रिया, मताधिकारको महत्व र निर्वाचनको उद्देश्यबारे जानकारी गराउने कार्यालय प्रमुख नेपालले बताए ।




मतदाता शिक्षाले निर्वाचनमा जनसहभागिता अभिवृद्धि गर्नुका साथै बदर मतको अनुपात घटाउन उल्लेखनीय योगदान पुग्ने कार्यालयको अपेक्षा रहेको उनको भनाइ छ । आम नागरिकलाई मतदान प्रक्रियाप्रति सचेत बनाउने उद्देश्यसहित कार्यक्रम अगाडि बढाएको जनाइएको छ । कार्यक्रममा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तथा झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहीत र मर्यादित निर्वाचन सुनिश्चित गर्न आचारसंहिता लागू गरिएको बताए ।

कार्यक्रममा मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेल, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायतले निर्वाचनको पारदर्शिता र मतदाता शिक्षाको आवश्यकता बारे आ-आफ्नो धारणा राखेका थिए ।

नेपाल पत्रकार महासंघ झापाका सचिव राजु पाठकले सञ्चालन गरेको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक बसुन्धरा खड्का, चारआलीस्थित नेपाली सेनाको अरिदमन गणका प्रमुख सेनानी सरोज थापा, सशस्त्र प्रहरी बल नेपाल २नम्बर गण हेडक्वाटर झापाका प्रमुख अम्बिकाप्रसाद जोशी तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय झापाका प्रमुख उमेश पाण्डेलगायतको आतिथ्यमा कार्यक्रम आयोजना गरिएको थियो ।

## निर्वाचन: ७७ वटै जिल्लामा पर्यवेक्षक

**काठमाडौं, फागुन १।** निर्वाचन पर्यवेक्षण समिति नेपालले आगामी फागुन २१ गते हुने चुनावका लागि देशका ७७ वटै जिल्लामा ७ सय जना पर्यवेक्षक परिचालन गरेको जनाएको छ ।

प्रतिनिधिसभाको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउने उद्देश्यसहित पर्यवेक्षक परिचालन गरेको निर्वाचन पर्यवेक्षण समितिले जनाएको हो । समितिका अनुसार स्वयंसेवक, अल्पकालीन, दीर्घकालीन तथा विशिष्ट विज्ञ पर्यवेक्षकहरूको क्रमिक परिचालनको तयारी भइरहेको छ । यस अन्तर्गत ४० जना दीर्घकालीन पर्यवेक्षकहरूले निर्वाचनका सम्पूर्ण विधि र प्रक्रियाको नजिकबाट अनुगमन गरिरहेका छन् ।

पर्यवेक्षकहरूले निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दल, सुरक्षा निकाय, उम्मेदवार, सार्वजनिक पदधारण गरेका व्यक्ति, सञ्चारकर्मी, सामाजिक संघ-संस्था तथा मतदातालगायत सम्पूर्ण सरोकारवालासँग समन्वय गर्दै निर्वाचन आचारसंहिता पालना भए-नभएको, प्रचारप्रसार खर्च र त्यसको स्रोतको बारेमा गहिरो अध्ययन गरिरहेका छन् ।

समितिले कानूनसम्मत रूपमा शान्तिपूर्ण, स्वच्छ,

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा 'उज्यालो' को चुनावी अभियान तीव्र

**झापा, फागुन १।** फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा देशभर चुनावी सरगर्मी चुलिँदो छ ।

यही माहोलबीच उज्यालो नेपाल पार्टीले आफूलाई नयाँ सोच र नयाँ पुस्ताको राजनीतिक विकल्पका रूपमा प्रस्तुत गर्दै चुनावी अभियान तीव्र पारेको छ । पार्टीले देशभर १२१ जना उम्मेदवार घोषणा गर्दै परम्परागत राजनीतिबाट फरक धार र कार्यशैलीसहित जनतामाझ गएको दाबी गरेको छ । बिर्तामोडमा आयोजित पत्रकारसँगको अन्तरक्रिया कार्यक्रममा पार्टीका तर्फबाट झापा क्षेत्र नम्बर २का प्रतिनिधिसभा उम्मेदवार सीके बेगाले 'उज्यालो अभियान' मार्फत परिवर्तनको सन्देश बोकेर मैदानमा उत्रिएको बताए ।

बेगाले आफ्नो दललाई 'ब्राण्डिङ पार्टी'को संज्ञा दिँदै स्पष्ट भिजन र कार्ययोजनासहित जनताको घरदैलोमा पुगेको उल्लेख गरे । १८ घण्टे लोडसेडिङ अन्त्य गर्न नेतृत्वदायी भूमिका खेलेका कुलमान घिसिङको नेतृत्वमा पार्टी अघि बढिरहेको उल्लेख गर्दै उनले ऊर्जा, सुशासन र प्रविधिमैत्री शासनलाई प्रमुख एजेण्डा बनाइएको बताए ।

उनले पाँच दशकभन्दा बढी समय सत्तामा रहेका परम्परागत दलहरूले नागरिकका आधारभूत समस्या समाधान गर्न नसकेको आरोप लगाए । अब जनताले नारामा होइन, व्यवहारमा परिवर्तन खोजिरहेका छन्- बेगाले भने- उज्यालो नेपाल पार्टी त्यही परिवर्तनको प्रतिनिधि हो । घरदैलो अभियानका क्रममा मतदाताबाट सकारात्मक प्रतिक्रिया पाएको उनको दाबी छ ।

बेगाका अनुसार जेन-जी नेतृत्वमा

(बाँकी अन्तिम पृष्ठमा)

## सिटौला र लिङ्देनलाई लज्जित बनाउँदै जीपी भवन

अर्जुन राजवंशी

**झापा, फागुन १।** धेरैलाई लाग्नसक्छ, काठमाडौंका पूर्वमेयर बालेन्द्र शाह (बालेन) चुनाव लड्न आएपछि झापा चुनावी चर्चाको शिखरमा पुगेको हो । तर, झापाको चुनावी चर्चा र चासो विगतमा पनि कम थिएन ।

योपटक नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले एउटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएपछि झापा-५ चुनावी चर्चाको शिखरमा पुगेको हो । ठीक यस्तै चर्चा र चासो विगतका चुनावमा झापा-३को हुन्थ्यो । जहाँ चुनावी प्रतिस्पर्धामा हुन्थे राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन र नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला ।

लिङ्देन २१ फागुनको चुनावको लागि चौथोपटक



मैदानमा छन् । सिटौला २०४८ यता पहिलोपटक आसन्न निर्वाचनमा उम्मेदवार बनेनन् । लिङ्देन र सिटौला नेपाली राजनीतिको शीर्ष नेताहरूमध्ये पर्छन् । पार्टी र सत्तामा यी दुई नेताको प्रत्यक्ष प्रभाव पनि रहँदै आएको छ । उनीहरू आफैँ पनि पटक-पटक सांसद र मन्त्री भइसकेका छन् ।

पार्टीको नेतृत्व, सांसद र मन्त्री भइसकेका नेताको 'पावर' केमा र कसरी शेयरिङ हुन्छ ? आफ्नो राजनीतिक स्वार्थमा मात्र कि निर्वाचन क्षेत्रको विकास र समृद्धिमा पनि ! झापा सदरमुकाम चन्द्रगढीस्थित 'गिरिजाप्रसाद कोइराला स्मृति सभागृह (जीपी भवन)' को अहिलेको अवस्था हेर्दा लाग्छ, नेताहरूले आफ्नो पावर निर्वाचन क्षेत्रको विकासभन्दा आफ्नो राजनीतिक स्वार्थमै बढी खर्चिने गर्छन् ।

चन्द्रगढीस्थित मुख्य सडकको उत्तरतिर लस्करै सरकारी कार्यालयहरू छन् । ती सबै सरकारी कार्यालयको बार्दलीबाट देखिने एउटा दृष्य हो, बेवारिसे जीपी भवन । चन्द्रगढीस्थित मुख्य सडकको दक्षिण किनार छेउमै जीपी भवन वर्षौंदेखि अलपत्र अवस्थामा छ । खण्डहर बन्दै गरेको जीपी भवनको अलपत्र अवस्थाले पछिल्लो दुइटा चुनाव लगातार जितेका लिङ्देन र त्यसअघि पटक-पटक सांसद तथा अहिले राष्ट्रियसभा सदस्य

(बाँकी अन्तिम पृष्ठमा)



झापा गोल्डकप

# झापालाई हराउँदै एपीएफ फाइनलमा



**बिर्तामोड, फागुन १।** टाइब्रेकरमा भाग्यमानी सावित हुँदै सशस्त्र प्रहरी बलको एपीएफ फुटबल क्लब झापाको डोमालाल राजवंशी रंगशालामा जारी एक्स्ट्रिम सातौँ झापा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

एपीएफले आयोजकको टिम झापा-११ फुटबल क्लबलाई टाइब्रेकरमा ४-२ गोल अन्तरले पराजित गर्दै फाइनल यात्रा तय गरेको हो । एक गोलले पछि परेको अवस्था उल्टाउँदै एपीएफले कमब्याक जित हासिल गरेको हो । जितसँगै एपीएफले कम्तीमा सात लाख ५० हजार रुपैयाँ सुरक्षित गरेको छ । एपीएफका लागि सुमन श्रेष्ठ, दीपेश धिमाल, सन्तोष खत्री र समिराज थोकरले गोल गरेका थिए भने नवीन लामाको प्रहार झापाका गोलकिपर सन्दीप लिम्बूले रोकेका थिए ।

झापाका तर्फबाट भने रोमन भुजेल र रोहन कार्कीले मात्र गोल गरेका थिए । नारायण क्षेत्री र गौरव धिमालको बल एपीएफका गोलकिपर एञ्जल श्रेष्ठले बचाएका थिए । खेलको ६१औँ मिनेटमा झापाले अग्रता लियो । नारायण क्षेत्रीको कर्नर प्रहारमा झापाका बिदेशी खेलाडी रिचार्ड विल्सन गोल गर्न सफल भए ।

खेलको प्लेयर अफ द म्याच विजेता टिम एपीएफका गोलकिपर एञ्जल श्रेष्ठ भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । आज शनिबार अन्तिम सेमीफाइनल खेल त्रिभुवन आर्मी फुटबल क्लब र मच्छिन्द्र फुटबल क्लबबीच हुनेछ ।

यसैबीच, प्रतियोगितामा बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएर खेल हेर्ने दर्शकमध्ये एकजनालाई एकथान टेलिभिजन उपलब्ध गराउँदै आएको छ ।

त्यस्तै, पहिलो दिनदेखि फाइनल खेलसम्म टिकट लिएर एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ ।

# 'आ बाट आमा'को दबदबाबीच तीन फिल्म हलमा

दुई सातादेखि घरेलु बक्स अफिसमा फिल्म 'आ बाट आमा'को एकछत्र दबदबा देखिएको छ ।

दुई सातामा साढे ६ करोडमाथिको व्यापार गरिसकेको यो फिल्मले हलमा आफ्नो पकड अझै कमजोर हुन दिएको छैन । यस्तो अवस्थामा शुक्रबारबाट तीन फिल्म व्यावसायिक प्रतिस्पर्धामा उत्रिएका छन् । 'बिगुल', 'श्री बुकुरो' र 'शिवांश' शुक्रबारबाट एकसाथ प्रदर्शनमा आएका हुन् ।

फरक-फरक कथावस्तुमा निर्माण भएका तीनवटै फिल्मले न्यून शो पाएका छन् । तीन फिल्मको शो संख्या देशव्यापी एक सय पनि छैन । न त टिकट बुकिङ अपेक्षित देखिएको छ । यस्तो परिस्थितिमा तीनवटै फिल्मलाई व्यापारिक गति समात्न र 'आ बाट आमा'को चुनौती चिर्न बलियो 'वर्ड अफ माउथ' (दर्शकीय प्रतिक्रिया) आवश्यक देखिन्छ ।

सुदीप भुपाल सिंहको लेखन तथा निर्देशनमा बनेको 'श्री बुकुरो'मा लक्ष्मी गिरी, आशीर्वाद क्षेत्री, निकिता आचार्य, रोशनी कार्की, मोहन निरौला, उत्तम न्यौपाने, रामबाबु रेग्मी, राजन इशान, लय संग्रौला लगायतको अभिनय रहेको छ । रुबी सेन सिंह निर्माता रहेको फिल्मले पुरानो थातथलोलाई बचाइराख्नुपर्छ भन्ने सन्देश दिँदै पारिवारिक सम्बन्धको कथा पेश गरेको छ ।

'बिगुल' भने राजनीतिक विषयवस्तुमा आधारित छ । रमेश कोइरालाको निर्देशन रहेको यस फिल्ममा नीर शाह, रमेश बुढाथोकी, बेनिशा हमाल, नरेन खड्का, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, मीरा पण्डित लगायतको अभिनय देख्न सकिन्छ । दिनेश कोइराला निर्माता र कल्पना पौडेल प्रस्तुतकर्ता रहेको फिल्ममा शिव ढकालको छायांकन छ ।

त्यस्तै, 'शिवांश'मा प्रवीण खतिवडा, तेज गिरी, रुषा न्यौपाने, विमला लिम्बू, विकाश जोशी, प्रदीप कुमार चौधरी, टीका निरौला लगायतका कलाकारहरूले अभिनय गरेका छन् । सन्तोष कुमार आत्रेयको निर्देशनमा बनेको यस फिल्मका निर्माता अञ्जान केसी हुन् । भारतीय गायक कैलाश खेरले फिल्ममा 'शिव ताण्डव' गीत गाएका छन् ।




# वीरता जेसीजद्वारा ज्येष्ठ नागरिकलाई भोजन



**झापा, फागुन १।** समाजप्रति उत्तरदायी भावना सहित वीरत जेसीजले बिर्तामोड-४स्थित परोपकार वृद्ध आश्रममा जेष्ठ नागरिकहरूलाई लक्षित गरी भोजन ग्रहण कार्यक्रम सम्पन्न गरेको छ ।

वीरता जेसीज बर्ष ०२६का अध्यक्षता लोकचन्द्र श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि नेपाल जेसीजका पूर्वराष्ट्रिय उपाध्यक्ष घनश्याम चौधरी रहेका थिए । प्रमुख अतिथि चौधरीले ज्येष्ठ नागरिकहरू समाजका अमूल्य सम्पत्ति भएको उल्लेख गर्दै उनीहरूको सम्मान, सेवा र संरक्षण सबैको साझा दायित्व भएको बताए ।

कार्यक्रममा अध्यक्ष श्रेष्ठले जेसीजले सँधै सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राख्दै यस्ता मानवीय कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको र आगामी दिनहरूमा पनि ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरू थप प्रभावकारी रूपमा अघि बढाइने बताए ।

कार्यक्रमको संयोजन अर्जुन सहनीले गरेको कार्यक्रममा स्वागत तथा आस्था वाचन अमरजित साहले गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव सुबास तिखत्रीले गरेका थिए भने धन्यवाद ज्ञापन कार्यकारिणी उपाध्यक्ष पुकार बरालले गरेका थिए । कार्यक्रमले वृद्ध आश्रममा आश्रित ज्येष्ठ नागरिकहरूलाई आत्मीयता, सम्मान र खुशीको अनुभूति गराएको आयोजक पक्षले जनाएको छ ।

# 'मानसिक स्वास्थ्य जोखिम बढ्दै'

**काठमाडौं, फागुन १।** अष्ट्रेलियाका विश्वविद्यालयहरूमा कर्मचारीहरूको मानसिक स्वास्थ्य र मनोसामाजिक सुरक्षा सम्बन्धी जोखिममा उल्लेखनीय वृद्धि भएको अध्ययनले देखाएको छ ।

अध्ययन अनुसार उच्च शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरूले अत्यधिक भावनात्मक थकान, मानसिक तनाव र सुरक्षा जोखिमको सामना गरिरहेका छन् । अष्ट्रेलियन अनुसन्धान परिषद्को आर्थिक सहयोगमा गरिएको सर्वेक्षणमा सहभागी ८० प्रतिशतभन्दा बढी कर्मचारीले आफू अत्यधिक मानसिक थकानमा रहेको बताएका छन् ।

मूल्याङ्कन गरिएका ३६ विश्वविद्यालयमध्ये सबैमा अत्यन्त उच्च मनोसामाजिक जोखिम पाइएको छ, जुन सामान्य कार्यक्षेत्रको तुलनामा दोब्बरभन्दा बढी हो । विशेषगरी चार्ल्स डार्विन विश्वविद्यालय, न्यू साउथ वेल्स विश्वविद्यालय र क्वीन्सल्याण्ड विश्वविद्यालयमा जोखिमको स्तर सबैभन्दा उच्च रहेको अध्ययनले देखाएको छ ।

मुख्य अनुसन्धानकर्ताले कर्मचारीहरूको मानसिक स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न तत्काल प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औंल्याएका छन् । उत्पादनमुखी व्यवस्थापन प्रणालीको सट्टा कर्मचारी कल्याणमुखी व्यवस्थापन पद्धति अपनाउनुपर्ने सुझाव दिइएको छ ।

यसका साथै, अष्ट्रेलियाको कार्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी कानुनअनुसार विश्वविद्यालयहरूले मनोसामाजिक जोखिमको रोकथाम र उचित व्यवस्थापन गर्न अनिवार्य जिम्मेवारी राख्छन् । अध्ययनले यस विषयमा विश्वविद्यालय स्तरमा नीति सुधार, व्यवस्थापन सुधार र सुरक्षित कार्यस्थल सुनिश्चित गर्न आवश्यक कदम चाल्न जोड दिएको छ, ताकि कर्मचारीहरूको मानसिक स्वास्थ्य र मनोसामाजिक सुरक्षा सुनिश्चित गर्न सकियोस् ।

## सिटौला ...

रहेका सिटौलाको राजनीतिक प्रभाव र शक्तिको खुलेआम 'धज्जी' उडाइरहेको छ ।

भद्रपुर नगरपालिका-८स्थित मेची रंगशालासँगै जोडेर २८ असार २०७२मा जीपी भवनको शिलान्यास गरिएको थियो । सम्भवतः इतिहासमै पहिलोपटक तत्कालीन राजनीतिक दलका प्रमुख नेताहरू कांग्रेसका सभापति एवम् तत्कालीन प्रधानमन्त्री सुशील कोइराला, एमालेका अध्यक्ष ओली, तत्कालीन नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) तत्कालीन मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)का अध्यक्ष विजयकुमार गच्छदार तथा तत्कालीन सांसद एवम् कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले जीपी भवनको संयुक्त रूपमा शिलान्यास गरेका थिए ।

दुर्लभजस्तो लाग्ने यो शिलान्यास कार्यक्रमले जीपी भवन निर्धारित मितिमै निर्माण सम्पन्न हुनेमा कुनै आशंका थिएन । सदरमुकाममा एउटा सुविधा सम्पन्न सभागृह बन्नेमा समग्र झापावासी ढुक्क देखिन्थे । तर, प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको त्यो संयुक्त शिलान्यास एउटा 'फगत' कार्यक्रम बन्न पुग्यो । अलपत्र जीपी भवन झापामा राजनीतिक दलहरूबीच आलोचना र दोषारोपणको 'वीऊ' बन्न पुगेको छ ।

'जीपी भवन हाम्रो नगरको एउटा गौरवपूर्ण योजना हो । यत्तिका वर्षसम्म निर्माण सम्पन्न नहुँदा हामीलाई मात्र होइन, सबैलाई दुःख लागेको छ'- भद्रपुर नगरपालिकाकी उपमेयर राधा कार्कीले भनिन्- 'ठूला नेताहरूले पहल त गरेकै होलान्, तर खोइ किन बनिरहेको छैन् बुझ्न सकिएन ।' उनले संघीय सरकारको योजना भएकाले जीपी भवनमा नगरपालिकाको कुनै भूमिका नहरेको बताइन् ।

शिलान्यास गरेको दुई (वर्ष २०७४ असार मसान्त)मा निर्माण सम्पन्न गर्ने गरी जीपी भवनको ठेक्का सम्झौता भएको थियो । १२ करोड ७२ लाखमा प्रेरा शाह जेभीले भवन निर्माणको ठेक्का लिएको थियो ।

भवनको तल्लो तलामा व्यवासयिक सटर, पहिलो तलामा कर्पोरेट हाउसका लागि व्यवसायिक फ्ल्याट र तेस्रो तलामा सुविधासम्पन्न सभाहल बनाउने गरी निर्माणको काम शुरु गरिएको थियो । भवन निर्माणको काम करिब ५० प्रतिशत सम्पन्न भइसकेको छ । त्यसपछि रोकिएको भवनको निर्माण कार्य करिब १० वर्ष बित्न लाग्दा समेत पुनर्निर्माणको सुरसार छैन् ।

चार वर्षको योजना १० वर्षमा पनि सम्पन्न नहुनुले राज्य सञ्चालन गर्ने संयन्त्रको अक्षमता भएको एमाले नेता बसन्त बानियाँको आरोप छ । जीपी भवनको अलपत्र अवस्थाले राजनीतिसँगै राज्य सञ्चालनको व्यवस्थाप्रति आमनागरिकमा विश्वास गुमेको बानियाँको टिप्पणी छ । उनले जिल्लाकै गौरवको योजना अन्तर्गत रहेको जीपी भवन निर्माण अगाडि बढाउन आग्रह गर्दै पटक-पटक काठमाडौं डेलिगेशन गएको स्मरण समेत गरे ।

'गतवर्ष पनि हामी डेलिगेशन गएर प्रधानमन्त्री, अर्थमन्त्री र शहरी विकासमन्त्रीलाई भेटेर रातो किताबमै ३ करोड बजेट विनियोजन गर्न सफल भएका थियौं । तर, जेन-जी आन्दोलनको नाममा जीपी भवनको बजेट फेरि कटौती गरेको खबर आएको छ । यसतर्फ हाम्रो कडा विरोध छ'- बानियाँले भने ।

## चन्द्रगढी ...

यता झापा-३का उम्मेदवार तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ, इलाम-२का उम्मेदवार सुहाङ नेम्बाङ, एमालेकी केन्द्रीय सदस्य रामकुमारी झाँक्रीले पनि चन्द्रगढी बिमानस्थल नै प्रयोग गर्दै आएका छन् ।

दमक-९स्थित मिनी दरबारमा रहेका पूर्वराजा ज्ञानेन्द्र शाह र उनका परिवारका सदस्यहरू पनि यही विमानस्थल हुँदै राजधानी ओहोरदोहोर गर्ने गरेका छन् । सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै थप सतर्कता अपनाइएको विमानस्थल कार्यालयले जनाएको छ । झापाका उम्मेदवार मात्र होइन, इलाम, पाँचथर र ताप्लेजुङका उम्मेदवारहरूले समेत चन्द्रगढी विमानस्थललाई मुख्य आवागमन बिन्दुका रूपमा प्रयोग गरिरहेका छन् ।

दैनिक करिब १८ सय यात्रु आवतजावत गर्ने चन्द्रगढी विमानस्थल देशकै सातौं ठूलो विमानस्थलका रूपमा चिनिन्छ । यहाँ दैनिक १३ वटा बिमानले उडान भर्ने गरेका छन् ।

## झापामा ...

गठन भएको राष्ट्रिय परिवर्तन पार्टी र उज्यालो नेपाल पार्टीबीच एकीकरण भई संयुक्त रूपमा निर्वाचनमा सहभागी भएको हो । एकीकरणपछि उज्यालो नेपालबाट १०५ र राष्ट्रिय परिवर्तन पार्टीबाट १६ गरी कूल १२१ जना उम्मेदवार मैदानमा उत्रिएका छन् ।

कोशी प्रदेशबाट मात्रै ११ जना उम्मेदवार रहेको उनले जानकारी दिए । मेरो उम्मेदवारी सुशासन, अनुशासित र सुसंस्कृत राज्य व्यवस्थाका लागि हो- उनले भने । आफू राजनीतिमा नयाँ भए पनि इमान्दारिता, निष्ठा र देशप्रतिको प्रतिबद्धतामा कुनै सम्झौता नहुने उनको दाबी छ । विगत ३५ वर्ष भारतीय लाहुरेका रूपमा सेवा गरेको अनुभव सुनाउँदै उनले अनुशासन, जवाफदेहिता र सामाजिक दायित्व राजनीति सफल बनाउन अपरिहार्य भएको बताए ।

कार्यक्रममा पार्टीका पदमबहादुर तामाङ, रमेश तामाङ तथा प्रदेश सदस्य शर्मिला आङ्दाङ्बेलगायतको उपस्थिति थियो । पत्रकारका जिज्ञासामा बेगाले निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता जनाउँदै फागुन ४ गतेदेखि घोषणापत्रसहित घरदैलो अभियान शुरु गर्ने जानकारी दिए । युवा नेतृत्वको क्षमतामाथि उठ्ने प्रश्नबारे उनले भने- समय बदलिएको छ, यो प्रविधिको युग हो । युवामा ऊर्जा र दक्षता दुवै छ । अग्रज पुस्ताको अनुभव र युवाको जोश मिल्दा मात्रै राजनीतिक अन्धकार हटाउन सकिन्छ ।

बेगाले झापाली मतदाताले परिवर्तनका लागि एकपटक उज्यालो नेपाल पार्टीलाई अवसर दिनेमा आफू विश्वस्त रहेको बताए । नयाँ शक्ति र नयाँ पुस्ताको दाबी गर्दै अघि बढेको 'उज्यालो' अभियानले झापाको चुनावी बहसलाई थप रोचक बनाएको छ ।

## निर्वाचन ...

निष्पक्ष, स्वतन्त्र, मर्यादित, मितव्ययी तथा भयरहित निर्वाचन सम्पन्न गर्न सबै सरोकारवालाको सकारात्मक योगदान आवश्यक रहेको जनाएको छ ।

## करणी ...

उनीमाथि इलाम घर भई पछिल्लो ६-७ महिनादेखि मामा घरमा बस्दै आएकी एक युवतीमाथि जबरजस्ती करणी गरेको आरोप लागेको हो ।

घटनाबारे प्रहरी चौकी शनिश्चरेमा उजुरी परेपछि प्रहरी टोली सक्रिय भएको थियो । प्रारम्भिक अनुसन्धानपछि पीडित र आरोपित दुवैलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याइ आवश्यक सोधपुछ गरिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार घटनासम्बन्धी थप प्रमाण संकलनका लागि पीडित तथा आरोपितलाई स्वास्थ्य परीक्षण गर्न प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

## झलनाथ ...

पार्टीका रनबहादुर राई, राष्ट्रिय स्वतन्त्र पार्टीका बिमल गडाल, श्रम संस्कृति पार्टीका विनोद नेम्बाङसहित १३ जना उम्मेदवार चुनावी मैदानमा छन् ।

इलाम-१मा १ लाख १२ हजार ३ सय २० मतदाता रहेका छन् । यहाँ कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने मतदाताको अनुमान छ ।

यद्यपि राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल र श्रम संस्कृति पार्टीले पनि उल्लेख्य मत ल्याउने अपेक्षा गरिएको छ ।





Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा
प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan



सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


## अर्जुनधारा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा, कोशी प्रदेश**

## मिटमार्ट स्थापना सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८२/१०/२९**

आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिटमार्ट कार्यक्रम सञ्चालन गर्न तोकिए बमोजिमको शर्तहरु पालन गरी साझेदारी गर्न इच्छुक मासु व्यावसायीहरुले सूचना प्रकाशित भएको मितिले ३०औं दिनभित्र कार्यालय समयमा अर्जुनधारा नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखामा प्रस्ताव पेश गर्नहुन सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजात तथा शर्तहरु :**

१. निवेदन (अनुसूची २ वमोजिम पेश गर्नुपर्नेछ ।)
२. वडा कार्यालयको सिफारिस
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा र ऐलेनी भए वडा कार्यालयको सिफारिस
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपि
५. सडक किनारबाट १० मिटर टाढा हुनुपर्नेछ ।
६. मन्दिर वा स्कूल, कलेज क्षेत्र नभएको हुनुपर्नेछ ।
७. व्यावसायको प्रमाण-पत्रको प्रतिलिपि ।
८. पान नं. को प्रतिलिपि
९. कर चुक्ताको प्रतिलिपि
१०. स्व घोषणा-पत्र पेश गर्नुपर्नेछ ।

**मनोजकुमार घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# प्रणय दिवसमा प्रेमका कुरा



मिलन आचार्य

घर छेउमा आठ वर्षको बालक खेलिरहेको थियो । पखेटाबाट रगत चुहाउँदै एउटा चरो बालकको छेउमा फ्यात्त खस्यो । बालकले चरो समात्यो । कसैले उडिरहेको चरालाई गुलेलीले हानेको थियो । चरोको पखेटा चुँडिनै लागेको थियो । बालक दगुरेर घरभित्र पस्यो । तेल, बेसार र सिरकको खोल लिएर आयो । जाने सकेको औषधि गऱ्यो । किन गाँसिन्थ्यो र चराको पखेटा । तर, दुबैलाई सन्चो अवश्य भयो ।

बालक चरालाई सुमसुम्याउँथ्यो । चरो उड्न खोज्थ्यो, तर सक्दैन थियो । चरो बालकको मनको चरो हेर्थ्यो । र, दुवै जना आँखाले संवाद गर्थे । बालक मनले उड्थ्यो । चरो जीवनमा उडिरहन्थ्यो । आज यी दुबै जनाको उडानमा बाटो मिल्यो । बाटैमा प्रेम शुरु भयो । साँच्चै भनूँ, प्रेममा न भाषा जरुरी छ । न संवाद नै ।

कसैले एक थुँगो फूल दियो । बदलामा ऊ मेरो फूल जस्तो जोवन चाहन्छ ।

भन्नु त छ नै, तर के भनौं । बोल्नु त छ नै, तर के बोलौं !

कसैले एउटा चकलेट दिन्छ । बदलामा ऊ मेरो चकलेट जस्तो स्वभाव चाहन्छ । कोही-कोही रुमाल दिन्छन्, लुगा दिन्छन् । बदलामा रुमाल जसरी पट्याएर खल्तीमा राख्न खोज्छन् ।

बुझ्दिनँ, म मेरो हुन किन पाउँदिनँ !

भन्नुहोला, अरे यार प्रेम दिवस पो त । किन नपाउने खुलेर प्रेमका कुरा गर्न !

गर्नुहोस्, तर मात्र प्रेमका कुरा । सम्झिनुहोस् त एडम र इभको जोडी । प्रेम त दूरको कुरा उनीहरूलाई त उनीहरू मान्छे भएको पनि थाहा थिएन । मान्छेमा लाज हुन्छ बुझ्न त एडमलाई स्याउ खानु पऱ्यो । मान्छेको भावना हुन्छ, मान्छेमा प्रेम हुन्छ भन्ने थाहा नपाउँदै अनजानमा जन्मिएको उनीहरूको प्रेम कस्तो थियो होला ?

मलाई एडम र इभको जस्तो प्रेम बुझ्ने रहर छ । सक्नुहुन्छ सुनाउन ?

भैगो उति टाढा नपुगौं । एक पटक सोच्नुहोस् त, मान्छेको समय शुरु हुँदै गर्दा ओडारमा बस्ने मान्छेले कस्तो प्रेम गरे होला ? अथवा ढुङ्गे युगमा मान्छे हातमा र मनमा ढुङ्गा मात्रै बोक्थे ? कि उनीहरू ढुङ्गाले घेरेर मनमा सुरक्षित फूल फुलाउँथे ? रुखका बोक्राले घेरिएकी सुन्दर युवती र बोक्रैले ढाकिएको युवा ठोक्किएर हिउँ जस्तो पग्लिन्थेनन् होला ! कि उनीहरू पनि प्रेम नभोगेर एकअर्कालाई सिकार गर्थे त ?

मलाई रहर छ त्यो युगका मान्छेको प्रेम बुझ्न । सक्नुहुन्छ सुनाउन ?

मैले यो विषय उठाउँदै गर्दा लाग्न सक्छ, यो सरल विषय हो । अघिल्लो दिन देखेको सुन्दरतालाई भोलिपल्टै गुलाफको फूलसँग सौदा गरे जति सजिलो छैन यो विषय । अझ, यो विषय प्रेम दिवसको अवसर पारेर फिस्स हाँस्दै 'आइ लभ यु' भने जति सजिलो त हुँदै होइन । र, मलाई रहर छैन । फजुलका कुरा सुन्न । फजुलका कुरा हेर्न । फजुलका कुरा भोग्न ।




त्यो पो त सुन्दर प्रेम त, जहाँ प्रेम मात्रै होस् । प्रेमका लागि सर्त नहोस् । प्रेमका लागि सौदा नहोस् । जसरी फूल मग्मगाउने सक्छ आफ्नै लयमा । जसरी हावा बग्न सक्छ आफ्नै गतिमा । उसै गरी जीवनले सुवास छर्न सकोस् । उसैगरी खुशी फुल्न सकोस् जीवनमा । र, पो खुलेर भन्न सकिन्छ त प्रेम जीवन हो ।

एक पटक एउटी साथीले उसको प्रेम कथा सुनाइ । म पनि खुशी मान्दै उसको कुरा सुन्दै गएँ ।

'उसले फूल दियो मलाई खुशी लाग्यो । उसले चकलेट दियो मलाई खुशी नै लाग्यो । बग्दाबग्दै र खुल्दाखुल्दै हामीले चुम्बन पनि पार गऱ्यौं यार । उसले मलाई मकै छोडाए जसरी छोडायो । हामी मायाले स्पर्श गर्दै अनौठो अभ्यासमा लाग्यौं । उसको हरकत मलाई प्रिय लाग्यो । ऊ त भन्थ्यो नै मलाई प्रिय ।'

मोरीले मलाई झसङ्ग पारी । एकछिन्, हामी दुबै मौन भयौं । चुपचाप एक अर्कालाई हेरि रह्यौं ।

'तँलाई थाहा छ । म भित्र हाम्रो माया हुर्किँदै छ । र, ऊ अब मलाई स्वीकार्न तयार छैन ।'

के फरक पर्छ यो पात्र जो भए पनि । मायाको सात दिने 'प्याकेज'को साझा नतिजा यही होइन । र, मैले कहिल्यै बुझिनँ मायामा के जरुरी छ । यो पनि जरुरी छ, मायामा मान्छे नाङ्गिनै पर्छ ?

हुनैलाई चाहिँ हामीले जति पनि मायाका कथाहरू पढ्यौं । प्रायः सबै दु:खका पढ्यौं । मायामा छुटिएको कुरा लेख्दा सबैलाई बिझ्छ भने जसरी लेखिएका कुरा पढ्यौं । जस्तो राधा-कृष्णको कथा । जस्तो रोमियो-जुलेटको कथा । जस्तो लैला-मझनुको कथा ।

उतिबेला अलि फरक थियो । अहिले अलि फरक छ । तर, कुरो एउटै हो । हामी माया गर्दैनौं, सम्झौता गर्छौं । सम्झौता त गरिन्छ नै तोड्नका लागि । अनि बेकारमा दोष दिन्छौं मायालाई । मायामा आकर्षण जरुरी छैन । मायामा सम्झौता जरुरी छैन । र, मायामा त त्याग र प्राप्ति पनि जरुरी छैन ।

अहिले त हाम्रो मायाको अभ्यास नै अनौठो छ ।

मन्दिर, पार्क, रेस्टुरेन्ट अनायासै जानु । उसैलाई भेट्नु र भेटेकैलाई खुशी मान्नु । कहिले रिसाए जस्तो गर्नु, कहिले फकाए जस्तो गर्नु । फेसबुकमा हरदम उसैलाई पछ्याइरहनु । ट्विटर र इन्स्टामा मायालु देखिइरहनु । यस्तो बन्नु, मानौं ऊ बिना म फिका लागूँ । र, म बिना ऊ फिका भएको अभिनय गरोस् । छिन-छिनमा म्यासेन्जर बजिरहोस्, माया बोकेर इमोजी आओस् । उसको फुर्सद पनि मेरै लागि जस्तो लागोस् । उसको व्यस्ततामा पनि मेरो लागि समय निकालिदिएको भान होस् ।

उहिले मायाको तरिका झन् गज्जबको थियो ।

कृष्ण बाँसुरी बजाउँथे । राधा धुनमा हराउँथिन् । कृष्ण जिस्किन्थे, राधा पग्लिन्थिन् । गोपिनीसँग जिस्किन्थे कृष्ण, जल्थी राधा भित्रभित्रै । डुब्नै लागेको घाम जस्तो रातो र तातो हुन्थी ऊ । कृष्णलाई के चाहियो र राधाको तापमा पग्लिन्थे, जम्थे । कहिले कृष्ण राधालाई चरा बोलाइदिन्थे, कहिले साँगु बनाएर खोला तारिदिन्थे ।

राधाकृष्णको खास माया त बाँसुरी नबजेपछि शुरु भएको थियो । हिँड्नै लाग्दा कृष्णले सधैँका लागि मुरली राधाको हातमा थमाइदिएका थिए । राधाको मन पग्लिएको थियो । कृष्णलाई पनि थाहा थियो, आँशुले बाँसुरी बज्दैन !

अलि बढि भावनात्मक भएँ । सायद जरुरी पनि थियो । भावनाका कुरा गर्न भावना चाहिन्छ नै ।

एकैछिन् सही, दुईवटा गाडी बाटोमा भेटिउन् । वल्लो गाडीको झ्यालमा युवा, पल्लोमा युवती । एकै निमेषका लागि दुबैका आँखा जुधुन् । दुबैको मन फुलोस् । ओठबाट फुस्किएको खुशी दुबैले महशुस गर्न पाउन् । अलिकति युवा पग्लियोस्, अलिकति युवती । दुबैको हाँसो एकअर्कामा ठोकिनु अगावै गाडी कुदोस् ।

सायद यो भन्दा सुन्दर प्रेम हुन्न होला !

हुन्छ भने आमाले छोरालाई गर्ने प्रेम । कतै पढेको थिएँ, आमाको आँखाले हेर्ने हो भने कुरूप भन्ने शब्द हुँदैन । सायद यो भन्दा सुन्दर प्रेमको परिभाषा छैन ।

छ भने बालकले प्रकृतिलाई गर्ने प्रेम । पुतली खेदाउँदै बालक हराइ जान्छ फूलबारीमा । जिस्किन्छ फूलसँग, छरिदिन्छ फूलका आँखाहरू बगैंचा भरी । अनि, आनन्द पिउँछ प्रकृतिले तयार पारिदिएको क्यानभाष रंग्याएर ।

सायद यो भन्दा सुन्दर प्रेमको उदाहरण छैन । तपाईंसँग छ ?

कविता

## तिमी



रेखा सापकोटा

तिमी बोल्दा शब्दहरू मौन बस्छन्
तिमी मुस्कुराउँदा समय थामिन्छ
तिमी मेरो खुशी होइनौ
मेरो सहनशिलताको त्यो पहाड हौ
जहाँ मेरा अशान्त पीडाहरू पनि
शान्त भएर बस्न सिक्छन् !
म तिमीलाई चाहन्छु भनेर होइन
तिमी बिना म अधुरो छु भनेर
स्वीकार गर्न तिम्रो साम्पियले सिकायो,
मेरा अनिँदा रातहरू तिम्रो सम्झनाको
उज्यालोले छलङ पारिदिन्छन् ।


न तिमीले गुलाब दियौ न मैले उपहार नै
तर, आज तिम्रो नामले मेरो मन गुलाबी भएको छ,
प्रेम देखाउन दिन, घडीका काटाहरू चाहिन्न तर,
तिम्रो दिन मेरो दिनले तिमीलाई
म भित्र महशुस गर्ने गहिराइ दियो
तिमी भेट होइनौ भाग्य हौ
आज प्रेम मनाउने उत्सव होइन
तिमीलाई मनभित्र रोक्ने पर्व हो,
तिमी एक पलको अतर सुग्नध होइनौ
तिमी मेरो हरेक दिनको शुरूवात र अन्त्य हौ ।

तिमी मेरो हर्षको सिमाना होइनौ
तर, मेरो धैर्यताको बाध हौ
जहाँ पीडाले पनि आशा भएर बस्न सिक्छ
प्रेम आवाज होइन, आत्माको चिनजान हो
आज माया गर्नेहरूको दिन
तिमीलाई एकदिनको उपहार होइन,
एक जीवनको अन्नतको आदत बनाउँछु
म ठूला र फराकिला बाचाबीच गाँस्दिन तिमीलाई,
तर, स-साना दिनहरूमा तिमी बन्ने बाचा गर्छु ।

तिमी यो जन्मको प्रेम होइनौ,
तिमी आत्माले अघिल्लो जन्मदेखि स्वीकारेको, पुकारेको नाम हौ,
समयले बद्लिदेला सब तर समयभन्दा बाहिर हौ
तिमी जहाँ उमेर छैन, अन्त्य छैन,
म तिमीलाई हरेक जन्म, रूप र मौनतामा भेटिरहने प्रण गर्छु,
मृत्युले छुटायो भने विश्वास गर,
म तिम्रो छाया पछ्याउँदै तिमीलाई खोज्दै अर्को चोला लिईसक्नेछु,
किनकि, यो मेरो स्वार्थ होइन, आत्माको श्रृंगार हो ।

राधा-कृष्णको जस्तो माया, भेटको कथा होइन,
वियोगमा पनि मुस्कुराउने शक्तिको कथा,
सम्भव-अस्मभव जस्तैमा पनि सुनाखरी सरी फुलिरहने माया,
हृदयको माया, महशुसको माया,
सगर र सागरबीचको दुरी जस्तो माया सपनाको माया,
आज एकदिनको माया होइन,
पर्याप्त हरेक दिन नयनमा छल्किरहने,
मुटुको कम्पनमा धड्किरहने पुरानो कहिल्यै नहुने
युग-युगान्तरको माया मात्र तिमी ।
तिमीलाई प्रणय दिवसको शुभकामना ।

# रसवादी आवरणमा गिरीको सम्झनाका तरेलीहरु



दिपेन्द्र के.सी




'वाक्यं रसात्मक काव्यम्' अर्थात् रसयुक्त वाक्य नै काव्य हो । १४औं शताब्दीका पूर्वीय साहित्य चिन्तक विश्वनाथले साहित्यको प्रमुख आधार रसलाई मानेका छन् । तर, रसवादका व्याख्याता भने नाट्यशास्त्री भरत हुन र उनले नाटकको कथानकसँगै प्रस्तुति र पात्रको माध्यमबाट मञ्चित नाटकको प्रभावबाट जुन प्रकारको आनन्द प्राप्त हुन्छ त्यो नै रस हो भनेर यसलाई सरलीकृत गरेका छन् ।

तथापि साहित्यका अन्य विधामा पनि साहित्यको अध्ययनबाट पाठकले जुन प्रकारको आनन्द प्राप्त गर्दछ त्यो नै रस हो । यिनै मतहरु पूर्वीय साहित्य दर्शनमा सिर्जनाको आत्मीकरण, अनुकरण वा भावानात्मक वरणको मियो रहेका छन् । साहित्य हेतुसँग रसवादको सघन सम्बन्ध रहेको हुन्छ । यथार्थमा कृतिको सार्थकता भनेको रसवादले तय गरेको मार्ग मै निहित हुन्छ, तर अपवादका रुपमा भिन्न वैशिष्ट्य अँगालेका, असाधारण कथानक मात्र नभई असामान्य प्रस्तुतियुक्त कृतिबाट समग्रमा वरण गरिने अप्रत्यक्ष रसका अंगहरु आधुनिक अध्येताहरुले औंल्याउन थालेका छन् ।

नेपाली साहित्यको सन्दर्भमा मूना-मदन, प्रेमपिण्ड, गौरी, रामायण जस्ता रसवादी चरित्रका अति सफल र लोकप्रिय प्रतिनिधि कृतिहरु हुन् जसका सामाजिक प्रभाव र आदर्श चिकाल पर्यन्त रहिरहन्छन् । विशेषत: रसको वैशिष्ट्य प्रवृत्ति पाठकले कृति अध्ययन गर्दै जाँदा त्यहाँका पात्र र चरित्रमा आफूलाई समाहित गर्दै पात्र रुँदा रुने, हाँस्दा हाँस्ने वा कृतिको अन्तरवस्तुमा प्रवेश गरेर प्रतिक्रिया जनाउनु हो । संस्कार, प्रवृत्ति आवेग, संवेदना, भावना र भावातिरेक यसका जड हुन् क्रिया, प्रतिक्रिया, अनुभव, प्रभाव र साधारणीकरण रसका चरित्र ।

प्रवासी स्रष्टाहरुमा विमल गिरी सायदै नवीन पात्रका रुपमा रहे । श्रव्यकृति 'उपासना'का रचयिता (गीतकार)का रुपमा उद्भाषित उनै गिरीको गीति संग्रह 'सम्झनाका तरेलीहरु'ले अँगालेका रसवादी आचरणहरुको, गुणहरुको, संयोगहरु अनि चरित्रहरुको यहाँ संक्षिप्त अवलोकन गर्ने प्रयास गरिएको छ । कर्मथलो बेल्जियममा क्रियाशील गिरीको कृति प्रकाशक संस्था अनेसासकै नियमितता रहेछ । वि.सं. २०६६ प्रकाशन वर्ष रहेको गीति संग्रहको रसपक्षको वैशिष्ट्यतालाई आवरणमा उपस्थापन गराउने अभिप्रायको प्रस्तुति हो यो ।

नवरस मध्ये सबै गीतहरु ठ्याक्कै श्रृङ्गारिक तर वियोगात्मक श्रृङ्गारिकले नडोऱ्याए पनि यसको बाहुल्यताले कृतिलाई थिचेको भान वा रचयिताको आत्मीय अन्तर्वेदना, अन्तर्घु वा कल्पशैली वियोग रहेको ठम्याउन मुस्किल पर्दैन ।

कृतिको प्रारम्भमै 'दैव लाग्यो जीन्दगीमा' शिर्षकको प्रवेशसँगै कारुणिक रस प्रवाह गरेर विविधता र शब्द-शब्दमा रसको सञ्चार गरेका छन् । जसका रसमयी उदगारहरुका प्रभावमा पाठकले रसिला फलाहार र आला चाकाका मह झैं सुरुप्पै पार्ने मिठास प्राप्त गर्दछ, आत्मीक आल्हादन अनुभव गर्दछ । र गीतकारले अँगालेको गेयात्मक विम्व आफैंमा अनुभूत गर्दछ । यो नै कृतिको वैशिष्ट्य र सार्थक पक्ष हो ।

लेखकले रसमयी प्रस्तुतीकरणमा सिंगो शिर्षकलाई प्रतिनिधित्व गराउँदै सग्लो रुपमा अर्थिने गरी साधारणीकरण गरेका छन् । जसले गर्दा पाठकले कृति अध्ययन गर्दा पाना-पाना, शब्द-शब्द र अक्षरहरुमा डुबेको पत्तै पाउँदैन । यो नै रस पक्षको सबल उपस्थापन हो ।

कृतिको केन्द्रीय पक्ष वियोगात्मक श्रृङ्गारिकता हो यसैले पनि यसलाई श्रृङ्गारिक गीतिकाव्य भनी ठम्याउँदा अत्युक्ति नहोला । गीतका शिल्प उन्नयनमा अभ्यस्त गीतकार स्वयम् आलम्वित पात्र बनेका छन् भने शब्दको रसास्वादनले पाठकहरु उद्दीप्त भएका छन् । गीत वाचन गर्दा लाग्छ पाठक स्वयम् पूर्व दिप्तीको लहरो समातेर सम्झनाका तरेलीका फाँटहरु चहारिरहेको छ ।

गीतमा मिलाइएका अन्त्यानुप्रासका मिठास, लोकशैलीका छोटा मौलिक शब्द संयोजन अन्ततोगत्वा रसमै समाहित भएका छन् । कृतिका अंशहरुले बोकेका कथानकसँग जसरी भावनाकत्व व्यापार हुन्छ त्यसले पाठकलाई उद्धेलित गराउँछ यो नै कृतिबाट प्राप्त हुने रसास्वादनको चरमोत्कर्ष हो ।

गीतकारले समेटेका माया-प्रीति, वियोग,-विछोड, सामाजिक आस्था, कर्तव्य, नैतिक उपदेशिक सन्देश र आत्मीय अनुभवको केन्द्रीय चरित्र आफूमा पाउँछ यो नै रसवादी दृष्टिकोणको सफल प्रयोग हो । रसवादी धाराभित्र पनि मानवीय संवेदनालाई च्वास्सै छुन सक्ने करुण, श्रृङ्गारिक जस्ता प्रतिनिधि रसलाई प्रधानता दिएर रसभित्र पनि लोकप्रिय शाखाको पहिचान गरेका छन् । शिषकका कान्तिहरु, श्लोकको आदि मध्य र अन्त्यको कौशलताले कायकल्पको परिणति दिलाउन सक्ने रसकीय शिल्प भेटिन्छ । तर रस भूमिमा रहेर पनि गीतकारले रसका कुनै एकल पक्षमा नलागी छ्यासमिसे रसधाराहरुमा बहकिएको प्रष्टै हुन्छ ।

'दैव लाग्यो जीन्दगीमा' शिर्षकबाट उद्घाटित काव्यले प्रारम्भमै गीतकारको रसवादी रुझानलाई उजगार त गर्छ नै साथमा श्रृङ्गारिक बियोगको मियोमा कृतिको फन्कोको संकेत पनि । त्यहाँ उर्लेको विरह 'दैव लाग्यौ जीन्दगीमा डुवाइगयौ सागरमा, उडी गयौ बादलसँगै वागमतीको बगरमा' लाग्छ यिनै हरफहरु काफी छन् पाठकहरुका मन अमिल्याउन विरहमा ।

यसरी नै बग्दै जान्छन् उनी अप्राप्ति र अतृप्ततालाई 'जीन्दगीलाई फूल सम्झेँ' भन्दै फेरि शान्त, सौम्य रसधारमा फड्किँदै' जीवन जिउँछौ निर्धाहरु'मा सामाजिक उपदेश, सद्भावको अपेक्षाका साथ 'जीवन जिउँछौ निर्धाहरु पखेरी र पाखामा, दोहोरी र मारुनी गीत गाउँदै आफ्नै भाखामा' शान्त र सुन्दर अतीतको विशिष्ट दृष्टान्त हो यो । कता-कता वियोगको केन्द्रै लाग्ने 'च्वास्स मुटु दुख्दो रै'छ आफ्नै मान्छे टाढिदिँदा, मन हलुङ्गो भैदिन्थ्यो कि एकान्तमा बसी रुँदा' जस्ता वियोगको सुन्दर व्याथाहरु भेटिन्छन् ।

यसरी नै 'कैंयौ विते हिउँदहरु'मा आत्मीयजनको विछोडमा परदेशको विनिमयको पीडादायी रस सोस्नै पर्ने हुन्छ नै 'एकान्त प्यारो लाग्छ' जस्ता आत्मै कोतर्ने विरह पनि । प्रकृतिका विम्व सँगालेका 'खोलो तरौं साँघु छैन'बाट असाहयपना दर्शाउने मात्र होइन 'चुप्प चुप्प म्वाई खान्थ्यौं एकअर्कालाई पालो गरी, सल्बलाउँथे हातहरु स्वचालित मेशीन सरी' ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
आज तपाईंको मन शान्त र खुशी रहने छ, अचानक फाइदाजनक यात्रा हुने योग छ, स्वास्थ्यमा भने ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
समय फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, नजिकका व्यक्तिसँग छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
समय सामान्य छ, काम सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
रचनात्मक काम शुरू गर्ने समय छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
शुभ फलदायी काम बन्नेछ योग छ, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, नयाँ अवसरका लागि दौडधुप गर्नुपर्ने समय छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनाले, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनाले मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि आज सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
स्वास्थ्य प्रतिकुल बन्नेछ, छोटो दूरीको यात्रा हुने सम्भावना रहेको छ, अचानक स्वास्थ्यमा समस्या आउन सक्छ खानपानमा ध्यान दिनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य गरेर अघि बढ्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
बोलिमा विचार पुऱ्याउनुहोला, बोलिको भरमा काम बन्ने देखिएको छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्ने छ, प्रेमको डोरो कसीलो हुने योग छ ।

मिति २०८२/११/०१ शुक्रबारको
सुनचाँदी मूल्य



छापावाला
सुन प्रति तोला
रु. ३,०३,५००।-



चाँदी
प्रति तोला
रु. ५,०००।-

# भद्रपुर झापा गोल्डकपको बचत ४२ लाख ५७ हजार




**भद्रपुर, फागुन १।** भद्रपुर झापा गोल्डकपको बचत ४२ लाख ५७ हजार चार सय ४५ रुपैयाँ रहेको जनाइएको छ ।

मेची रंगशालामा आयोजित भद्रपुर झापा गोल्डकपको दोस्रो वार्षिक साधारण सभामा आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै सह कोषाध्यक्ष अजय साहेवालाले संस्थाको आम्दानी तर्फ विभिन्न शिर्षकबाट सहयोग तथा प्रायोजकतर्फबाट दुई करोड दुई लाख ६६ हजार एक सय १८ रुपैयाँ तथा बैंकबाट करकट्टी पश्चताको व्याज आम्दानी तीन लाख नौ हजार दुई सय ९८ रुपैयाँसहित कुल आम्दानी दुई करोड पाँच लाख ७५ हजार चार सय १६ रुपैयाँ आम्दानी भएको थियो ।

जसमा संस्थाको खर्चतर्फ कर्मचारी तलब पाँच लाख ३० हजार, दोस्रो गोल्डकप सञ्चालन खर्च एक करोड ५३ लाख चार हजार चार सय ३८ रुपैयाँ र सामान्य प्रशासनिक खर्च तीन लाख ४३ हजार आठ सय ७३ रुपैयाँ, हासकट्टी खर्च एक लाख ४० हजार चार सय ४६ रुपैयाँ समेत जम्मा एक करोड ६३ लाख १७ हजार नौ सय ७१ रुपैयाँ खर्च भई हाल संस्थामा बचत ४२ लाख ५७ हजार चार सय ४५ रुपैयाँ रहेको सह कोषाध्यक्ष साहेवालाले जानकारी दिए ।

त्यस्तै संस्थाको आर्थिक वर्ष २०८०/०८१ सम्मको बक्यौता १८ लाख ११ हजार चार सय ३९ रुपैयाँ आर्थिक वर्ष २०८१/०८२ मा थप भएको १८ लाख २१ हजार गरी जम्मा ३६ लाख ३२ हजार चार सय ३९ रुपैयाँमध्ये गत आर्थिक वर्ष मध्येको ९६ हजार मात्र असुली भई चालू वर्षको अन्त सम्ममा कुल बक्यौता ३५ लाख ३६ हजार चार सय ३९ रुपैयाँ बक्यौता रहेको उनले बताए ।

त्यस्तै गोल्डकपका अध्यक्ष दीपेश ढकालले हालसम्म गोल्डकपका दुई संस्करण भव्य र सफल रूपमा सम्पन्न भएको जानकारी दिँदै झापामा पहिलो पटक अन्तरपालिका जिल्लास्तरीय लिग तथा नकआउट फुटबल प्रतियोगिता आयोजना गर्न सफल भएको बताए । उनले २०८३ फागुनको पहिलो सातादेखि सञ्चालन हुने तेस्रो भद्रपुर झापा गोल्डकपको तयारी शुरु भइसकेको पनि जानकारी गराए । गोल्डकपको पहलमा मेची रंगशालामा विभिन्न संरचना थपिएको र मैदानको स्तरोन्नति भएको उल्लेख गर्दै उनले ग्रास रुट तथा महिला फुटबल प्रशिक्षणलाई निरन्तरता दिइरहेको बताए ।

यसै वर्षभित्र रंगशालामा प्यारापिट थप निर्माण र फ्लड लाइट जडानको प्रक्रिया पनि अघि बढिसकेको उनले बताए । त्यसैगरी कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख गणेश पोखरेलले नगरपालिकाले गोल्डकपको संरक्षकत्व गरिरहेको भन्दै यसका गतिविधिमा निरन्तर साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त'ले मेची रंगशालाको स्तरोन्नतिमा गोल्डकपको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्दै आगामी कार्यक्रमहरूमा पनि सक्रिय सहयोग रहने बताए । गोल्डकपका अध्यक्ष ढकालको अध्यक्षतामा भएको कार्यक्रममा सचिव तीर्थराज ढकालले संस्थागत प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन महासचिव जीवनकुमार श्रेष्ठले गरेका थिए ।

# प्रधानमन्त्री कार्की ताप्लेजुङमा



**ताप्लेजुङ, फागुन १।** प्रधानमन्त्री सुशीला कार्की प्रतिनिधिसभा सदस्य निर्वाचनका निम्ति गरिएको तयारी तथा शान्ति सुरक्षाको व्यवस्थाका साथै जिल्लाका गतिविधिबारे जानकारी लिन ताप्लेजुङ पुगेकी हुन् ।

उनले पाथीभरा माताको पूजाअर्चना गरेकी छन् । पूजाअर्चनापछि प्रधानमन्त्री कार्कीले 'फागुन महिना, निर्वाचन महिना । पाथीभराबाट शुरुवात । शान्तिपूर्ण निर्वाचनका लागि कामना गरेकी छु' -सामाजिक सञ्जालमा लेखेकी छन् ।

प्रधानमन्त्रीले जिल्लास्थित सुरक्षा निकायका प्रमुखका साथै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचनमा खटिएका अधिकारीहरुसँग भेट गर्दै सुरक्षा अवस्था र निर्वाचनको बारेमा निरीक्षण गरेकी छन् ।

यसैबीच ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरामा माघ महिनामा १० हजारभन्दा बढी भक्तजन पुगेका छन् । पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक गरेको विवरणअनुसार माघ महिनामा १० हजार तीन सय २३ जनाले पाथीभराको दर्शन गरेका छन् ।

माघमा १८ लाख ४७ हजार पाँच सय रुपैयाँ भेटीघाटी सङ्कलन भएको समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले जानकारी दिए । यसअघि, पुस महिनामा पाँच हजार नौ सय ११ जनाले पाथीभराको दर्शन गरेका थिए ।

चिसो घट्दै गएकाले भक्तजनको संख्या क्रमश: बढ्दै गएको समितिले जनाएको छ । समितिले हरेक महिनाको अन्त्यमा भेटीघाटी र दर्शनार्थीको विवरण सार्वजनिक गर्ने गरेको छ ।

# माईजोगमाईमा आगलागी हुँदा तीन लाखको क्षति



**माई, फागुन १।** इलामको माइजोगमाई-१ मलुमझुवा दाछिरि तामाङ गोले कान्छाको घरमा आगलागी भएको छ ।

आगलागीबाट तामाङको घर जलेर पूर्णरुपमा नष्ट भएको प्रहरीले जनाएको छ । माईजोगमाई गाउँपालिका अध्यक्ष कुशबहादुर थेवे, उपाध्यक्ष प्रविना राई, वडा नं. १ का वडासदस्य भक्तबहादुर चेमजोङ, वडा नं. ६ का वडासदस्य मिङ्मा शेर्पा लगायतले आगलागी पीडित तामाङलाई राहत सामग्रीहरु प्रदान गरेका छन् ।

गाउँपालिकाबाट आवश्यक प्रक्रिया पुर्‍याई आर्थिक सहयोग गर्ने गाउँपालिका अध्यक्ष थेवेले जानकारी दिए । आगलागीबाट करिब तीन लाख रुपैयाँ बराबरको क्षति भएको लाका प्रहरी कार्यालय नयाँबजारले जानकारी दिएको छ । आगलागीको कारण भने खुल्न नसकेको प्रहरीले जनाएको छ ।

# मानव-हात्ती द्वन्द्व रोक्न खोप

**झापा, फागुन १।** खेतीयोग्य जमिन विस्तार र वन क्षेत्र सङ्कुचनसँगै बढ्दै गएको मानव-हात्ती द्वन्द्वलाई नियन्त्रण गर्न थाइल्यान्डले जङ्गली हात्तीमा जन्म नियन्त्रण खोप प्रयोग गर्न शुरु गरेको छ ।

अधिकारीहरूका अनुसार आवासीय क्षेत्र नजिक हात्तीको तीव्र बढ्दो संख्याले जनधनमा जोखिम बढाएपछि यो कार्यक्रम अघि बढाइएको हो । आधिकारिक तथ्याङ्कले गत वर्ष जङ्गली हात्तीको आक्रमणबाट ३० जनाको मृत्यु र २९ जना घाइते भएको देखाएको छ ।

वन फँडानी र खेती विस्तारका कारण हात्तीहरू आफ्नो प्राकृतिक बासस्थानबाट बाहिरिन बाध्य हुँदा द्वन्द्व चर्किएको जनाइएको छ । वन्यजन्तु संरक्षण विभागका निर्देशक सुखी बुनसाङले आवासीय क्षेत्र आसपास बसोबास गर्ने हात्तीहरूको संख्या तीव्र रूपमा बढेकाले नियन्त्रण अपरिहार्य बनेको बताए ।

विभागले अमेरिकामा निर्मित २५ खुराक खोप प्राप्त गरेको र दुई वर्षसम्म सात घरपालुवा हात्तीमा परीक्षण गरिएको जानकारी दिए । सात खुराक प्रयोग गरिएको र उक्त परीक्षणले सकारात्मक नतिजा दिएको उनले बताए । उनका अनुसार खोपले पोथी हात्तीमा डिम्बस्फोटन रोकेर होइन, निषेचन प्रक्रिया अवरुद्ध गरेर गर्भधारण रोक्छ ।

गत जनवरीको अन्त्यमा पूर्वी ट्राट प्रान्तमा तीन जङ्गली हात्तीलाई खोप दिइएको थियो । बाँकी १५ खुराक प्रयोग गर्ने तयारी भइरहेको र कुन क्षेत्रलाई प्राथमिकता दिने भन्ने विषयमा अध्ययन भइरहेको उनले उल्लेख गरे ।

खोपले सात वर्षसम्म गर्भधारण रोक्ने र त्यसपछि बुस्टर नदिए पुन: प्रजनन सम्भव हुने बताइएको छ । खोप लगाइएका हात्तीहरूलाई सो अवधिभर नजिकबाट निगरानी गरिने छ ।

# खोज पत्रकारिता तालिम सम्पन्न

**बिर्तामोड, फागुन १।** नारी सञ्चार गृह झापाको आयोजना तथा टेवाको सहयोगमा बिर्तामोडमा सञ्चालित कोशी प्रदेशस्तरीय तीन दिवसीय महिला पत्रकार लक्षित खोज पत्रकारिता तालिम सम्पन्न भएको छ ।

नारी सञ्चार गृह झापाकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षता तथा बिर्तामोड नगरपालिका वडा नं. ४ का कार्यवाहक अध्यक्ष निर्मला ल्वागुनको प्रमुख आतिथ्यमा तीन दिवसीय खोज पत्रकारिता तालिम सम्पन्न भएको हो ।

वरिष्ठ पत्रकार बबिता बस्नेत र उमाकान्त खनालले सहजीकरण गरेका थिए । तालिममा इलाम, सुनसरी, मोरङ, पाँचथर र झापा जिल्लाका ३० जना महिला पत्रकारहरुको सहभागिता रहेको कार्यक्रममा नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्का लगायतले शुभकामना दिएका थिए ।

नेपाल पत्रकार महासंघ कोशी प्रदेशका उपाध्यक्ष अम्बिका भण्डारी, सचिव ध्रुव भट्टराई, पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी, प्रेस चौतारी नेपालका अध्यक्ष प्रदीप परियार, प्रेस युनियन झापा उपाध्यक्ष सविना लिम्बु, एबीसी नेपालकी केन्द्रीय सदस्य कंचना ढकाल सिटौला, नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल बिमली लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन सचिव दीपा पोखरेलले गरेकी थिइन् ।

# जंगली हात्ती मृत फेला

**झापा, फागुन १।** जलथल जंगलमा जंगली हात्ती मृत अवस्थामा फेला परेको छ ।

कचनकबल गाउँपालिका-७ स्थित दीपज्योति सामुदायिक वनभित्र भाले जातको जंगली हात्ती मृत अवस्थामा भेटिएको हो । हात्ती मृत फेला परेपछि सामुदायिक वनका पदाधिकारीले डिभिजन वन कार्यालय चन्द्रगढीमा जानकारी गराएका थिए ।

त्यसपछि डिभिजन वन कार्यालयबाट खटिएको टोलीले आवश्यक कानूनी प्रक्रिया पूरा गरी हात्तीको सद्गत गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४४५००३

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| कृष्णामाया भट्टराई | पथरिया-९ | ९०३ | ९८००.०० | जग्गु लाल राजवंशी/सदर केरकेरु |
| जिमारदिन मिया | पथरिया-४ | २७६ | १७३५.०० | धैला राजवंशी |
| चित्रा देवी खडका | शान्तिनगर-९ | २०१६ | ०-५-० | पदम बहादुर कटुवाल/याम बहादुर कटुवाल |
| खेम बहादुर भण्डारी | राजगढ-५ | १९३८<br>१९४० | ३१७२.५०<br>३९५५.०० | पदम बिनोद उपाध्या |
| कूलप्रसाद अधिकारी | धुलाबारी-२ | ३३८९ | ०-१-० | वहित किरान/वहिरा किसान |
| गिरीराज निरौला | राजगढ-५ | १९३७<br>१९३९<br>१६१५ | २७४२.००<br>४३८८५.००<br>१६९३.१५ | पदम बिनोद उपाध्या |
| टेकबहादुर सेडाई | दमक-८ | २०६ | १-१-० | टेकु मुसहर/टेपु मुसहर |
| उर्मिला कुमारी ताजपुरिया | पाँचगाछी-१ | १४९२ | ०-०-५ | पथ्थर/पथर ताजपुरिया |

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

विशेषज्ञ डाक्टरहरुको सेवा अब
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ ।
साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुद सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्ब, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको **शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरु :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)